का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ फागुन २०७८,
आइतबार
6 March 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २०, अंक २९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

### एमाले सांसद

# नाराबाजी गर्ने, तलब भत्ता बुझ्ने

गत भदौ २३ गतेदेखि लगातार प्रमुख विपक्षी दल नेकपा एमालेले संघीय संसद अवरोध गरिरहँदा विभिन्न विधेयक अगाडि बढ्न सकेको छैन । नाराबाजी र रोष्टम घेराऊलाई निरन्तरता दिइरहेका एमाले सांसदहरुले भने तलबभत्ता भने निरन्तर लिइरहेका छन् ।




**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

सभामुख अग्निप्रसाद सापकोटा हटाउनुपर्ने र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल सहित १४ सांसद पदमुक्त गर्नुपर्ने मागसहित नेकपा एमालेले लगातार संघीय संसद् अवरोध गर्दै आएको छ। संसद अवरोधमा एमालेले आफ्नै रेकर्ड तोड्दै नयाँ कीर्तिमान बनाउँदै लगेको छ ।

२०४८ सालदेखि संसदीय अभ्यासमा रहेको एमालेले २०५७ सालमा लगातार ५७ दिन प्रतिनिधिसभा अवरोध गरेको थियो । तर यसपटक एमालेले संसद अवरोध गरेको झण्डै ६ महिना पुग्न लागेको छ। गएको २३ भदौदेखि संघीय संसद अवरोध गरिरहेको छ ।

राष्ट्रिय चासोका एजेण्डाहरु संसदमा पेश हुँदा पनि एमालेले अगाडि बढाउन दिएको छैन। तर एमाले अवरोधकै बीच सरकारले चालु आर्थिक वर्षका निम्ति संशोधित बजेट पारित गरेको छ भने १५ फागुनमा एमसीसी अनुमोदन गरेको छ ।

तर एमाले भने सर्वदलीय बैठकमा समेत बस्न अनिच्छुक छ । सरकारले बोलाउने वार्ता अस्वीकार गर्दै आएको छ । राजनीतिक विश्लेषक डा. विष्णु पाठक एमालेले गैह्रम्मिेवार र अमर्यादित प्रतिपक्षको संज्ञा दिन्छन् । "संसदबाट नियमित रुपमा तलब भत्ता लिने, तर त्यहीँ संसदलाई काम गर्न नदिने यो एमालेको अति नै कच्चा काम भयो," विश्लेषक पाठक भन्छन् ।

एमालेले वार्ता र संवादबाट विवाद समाधान गरी जनताको मुद्दामा केन्द्रीत हुनुपर्नेमा जोड दिएका छन् । जनताको समस्याबारे बहस र छलफल गर्ने थलोलाई निरन्तर अवरुद्ध गरिनु दुखद र संसदीय मर्यादाको विपरित भएको नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले बताएका छन् । "संसद् नचल्ने, जनताको समस्या छलफल नहुने हुनु हुँदैन, संसद् चल्नु पर्छ", पौडेल भन्छन् ।

नेता पौडेलले लामो समयसम्म संसद् अवरोध गर्दा जनताका धेरै समस्या अड्किएर बसेको बताउँछन् । निजामती कर्मचारी ऐन दुई वर्षदेखि संसद्मा अड्किएर बस्नु दुःखद् भएको उनको भनाइ थियो ।

एमालेले गैहजिम्मेवारपूर्ण देखिएकाले प्रतिनिधिसभा चल्न सक्ने अवस्था नरहेको काँग्रेसका महामन्त्री गगन थापा बताउँछन् । "हामीले पटक-पटक कुरा गरेका छौं, संवाद गरेका छौं, तर आम चुनाव मंसिरमा हुन्छ वा त्यो भन्दा अगाडि हुन्छ भन्ने कुरा संसद चल्ने नचल्ने अवस्थाले निर्धारण गर्छ," निजामती कर्मचारी युनियनको आठौं राष्ट्रिय महाधिवेशनमा बोल्दै थापाले भने, "एमालेले अवरोध गरिरह्यो भने यो संसद किन चलाइरहने भन्ने प्रश्न उठ्छ । त्यो अवस्थामा मंसिरअगाडि पनि चुनाव हुन सक्छ ।"

### तर भत्ता बुझ्दै

प्रमुख एजेण्डा नै संसद अवरोध रहेको एमाले सांसदहरुको तलब भत्तामा भने ३४ करोड रुपैयाँ खर्च भइसकेको छ। गत साउनदेखि फागुनसम्म सांसदको तलब भत्तामा – बाँकी पृष्ठ २ मा

### कांग्रेस संस्थापन इतरको निष्कर्ष

# कम्युनिष्टलाई भोट हाल्न सकिन्न

नेपाली काँग्रेस संस्थापन इतर समूहका नेताहरुले एक स्वरमा सत्ता गठबन्धन चुनावमा सँगै जान नसक्ने बताएका छन् । संस्थापन इतरका नेताहरुले विराटनगरमा आयोजित एक कार्यक्रम मार्फत् अहिलेका सत्ता साझेदार कम्युनिष्ट पार्टीहरुको चर्को आलोचना गरेका छन् ।



शनिबार विराटनगरमा आयोजित एक कार्यक्रममा नेपाली काँग्रेसका नेताहरु ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

नेपाली काँग्रेसको संस्थापन इतर समूहले शनिबार विराटनगरमा विचार गोष्ठी आयोजना गरेको छ। विचार गोष्ठी भनिए पनि नेताहरुको उपस्थिति र अभिव्यक्ति सुन्दा भने यो गुट भेला हो । कार्यक्रमलाई काँग्रेस नेता शेखर कोइराला, उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा, नेताहरु चन्द्र भण्डारी, मिनेन्द्र रिजाल लगायतले सम्बोधन गरेका थिए । गएको २४-२८ मंसिरमा सम्पन्न काँग्रेसको १४औं महाधिवेशनमा डा.शेखर सभापतिका उम्मेद्वार थिए ।

कोइरालाको प्यानलबाट गुरुङले उपसभापति र थापाले महामन्त्री जितेका थिए । चन्द्र भण्डारी उपसभापतिमा र रिजाल महामन्त्रीमा पराजित भएका थिए । तिनै नेताहरुको भेला गरेर डा.शेखरले संस्थापन इतर सक्रिय रहेको सन्देश दिएका छन् ।

यो गोष्ठीबाट सभापति शेरबहादुर देउवाका निम्ति चुनौती सिर्जना हुने अभिव्यक्ति दिएका छन् । कोइरालाले सत्ता गठबन्धन सँगै चुनावमा जान नसक्ने बताए । "संविधानलाई बिस्थापित गर्ने कोशिस भएपछि यो गठबन्धन बनेको हो" डा.शेखरले भने, "काँग्रेस जिल्ला जिल्लामा नेताहरु एक्लै लड्नुपर्छ। काँग्रेस भएर कम्युनिष्टलाई भोट हाल्ने होइन।" स्थानीय तह, प्रदेश र संघको चुनाव काँग्रेसले एक्लै लड्ने पनि डा.शेखरले बताए ।

उपसभापति गुरुङले त गठबन्धनका अन्य दलहरुलाई हात्तीको कानमा झुण्डिएको चमेरोकै संज्ञा दिए । काँग्रेस हात्ती भएकाले कानमा झुण्डिएको चमेरोलाई लामो साथ दिन नहुने उनको भनाइ थियो। "काँग्रेस हात्ती हो। कुकूर भुक्दै गर्छ, हात्ती लम्कदै गर्छ । तर हात्तीको कान ठूलो छ भन्दै चमेराहरु निवेदन दिइरहेका छन्", गुरुङले भने ।

महामन्त्री थापाले भने माले, मण्डले र मसाल एकै भएको प्रशंगको लामै व्याख्या गरे । कम्युनिष्टहरुलाई तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले मण्डलेसँग तुलना गरेका थिए। त्यसबेला गिरिजाले भनेका मसाल र माले अहिले नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाका सत्ता साझेदार छन् । माले पछि एमाले बन्यो । एमालेबाट अलग भएर माधवकुमार नेपाल नेतृत्वमा नेकपा एकीकृत समाजवादी छन् ।

२०५१ पछि मसाल नेकपा माओवादी बनेको थियो। त्यही माओवादीका – बाँकी पृष्ठ २ मा

# म्यानपावर कम्पनी वर्गीकरणको त्रास समाप्त : संयोजक ढकाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमलप्रसाद ढकालले म्यानपावर कम्पनी वर्गीकरणको त्रास समाप्त भएको बताएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत माघ २१ गते म्यानपावर कम्पनीहरूको मापदण्ड बनाई उनीहरूको स्तर निर्धारण गरी वर्गीकरण गर्ने कार्यविधि र मापदण्ड तय गर्न मन्त्रालयका सहसचिव राजिव पोखरेलको संयोजकत्वमा कार्यदल गठन गरेको थियो ।

वैदेशिक रोजगार कार्यालयका प्रमुख, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक तथा म्यानपावर कम्पनीका प्रतिनिधि सदस्य रहने कार्यदलले म्यानपावर कम्पनीलाई



वैदेशिक रोजगार विशेष

विभिन्न समूहमा वर्गीकरण गर्न मापदण्ड तथा सूचकहरु तयार गर्ने बताइएको थियो ।

म्यानपावर कम्पनी वर्गीकरण गरी मलेसियाको रोजगारी सीमित व्यवसायीलाई जिम्मा दिन लागिएको भन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान) लक्षित विरोध शुरू भएको थियो। मन्त्री श्रेष्ठ आफैंले पनि म्यानपावर कम्पनीहरूको वर्गीकरण गर्दा वैदेशिक रोजगारमा संलग्न इजाजतपत्रवाला संस्था (म्यानपावर कम्पनी) कुन राम्रो र कुन नराम्रो भनेर छुट्याउन सजिलो हुने बताएका थिए ।

मध्यान्ह दैनिकसँगको कुराकानीमा संयोजक ढकालले मन्त्रीसहित राजनीतिक दलका उच्च नेताहरू र विभिन्न माध्यमहरूबाट प्रधानमन्त्रीसँग गरेको कुराकानीका आधारमा कार्यदलले अन्य विषयमा छलफल गरेपनि म्यानपावर कम्पनीको वर्गीकरण मापदण्ड बनाउने विषयमा छलफल नगर्ने वातावरण बनेको बताए ।

उनले भने, 'सामाजिक सञ्जालमा होहल्ला गर्नु आवश्यक छैन तर आम व्यवसायीमा पेशा र व्यवसायबाटै बञ्चित हुने गरी वर्गीकरण गरिने जुन मनोवैज्ञानिक त्रास थियो, त्यो समाप्त भएको छ, वर्गीकरण आवश्यक छैन भन्ने सबैलाई स्पष्ट भएको छ ।'

शुरूमा सकारात्मक उद्देश्य देखाउने तर अन्तिममा सीमित व्यवसायीहरूको मात्रै हित हुने गरी सिण्डिकेट खडा गरी काम गर्ने गरिएको भन्दै वैदेशिक रोजगार व्यवसायीहरूले समान धरौटी राखेर स्थापना गरिएका कम्पनीहरूको वर्गीकरण गर्नु न्यायोचित नभएको र त्यस्तो वर्गीकरण आवश्यक नभएको टिप्पणी गर्दै आएका छन् । संयोजक ढकालले संघको तदर्थ कार्यसमिति सार्वजनिक गर्ने गृहकार्यमा लागिरहेको भन्दै आगामी एक-दुई दिनमा त्यसको टुंगो लाग्ने जानकारी पनि दिए ।



# एमाले टोलीद्वारा विराटनगर स्वास्थ्य चौकीको निरीक्षण

**सम्झना कार्की/मध्यान्ह**
विराटनगर, २१ फागुन



नेकपा एमाले महानगर कमिटी र वाड कमिटीको संयुक्त टोलीले विराटनगर महानगर १५ स्थित प्राथमिक स्वास्थ्य चौकी रानीको निरीक्षण गरेको छ।

शुक्रबार मध्यान्ह नेकपा एमाले महानगर कमिटीका सहसचिव जयप्रकाश महतोको नेतृत्वमा १३ वाड कमिटीका सचिव दीपक खडका, सहसचिव जिवन कुमार खडका, महानगर सदस्य निरज बस्नेत, इन्चार्ज परशुराम साह, १४ का इन्चार्ज सूर्यनारायण महतो, १७ का इन्चार्ज सिकन्दर आलमलगायतको टोलीले सो स्वास्थ्य चौकीको निरीक्षण गरेको थियो।

सो क्रममा स्वास्थ्य चौकीमा कार्यरत कर्मचारीहरुसंग प्राथमिक स्वास्थ्य चौकीले दिदै आएको सेवासुविधा र समस्याका वारेमा जानकारी लिइएको थियो। एक जना मेडिकल अधिकृत सहित १२ जना स्वास्थ्यकर्मीको दरवन्दी रहेको उक्त स्वास्थ्य चौकीमा सानो समस्या लिएर आउनेले पनि रेफर लिएर जाने गरेका छन्।

टीवी, मलेरिया लगायतका जाँचलाई निरन्तरता दिइएपनि लिपिड प्रोफाइल, थाइराइडजस्ता परीक्षणका लागि उपकरणको अभाव भएकोले सो सेवा दिन नसकिएको डा.विशाल कुमार देवले निरीक्षण टोलीलाई जानकारी दिए।

सेवा लिन आउने ९८ प्रतिशत विरामीले विराटनगरका निजी अस्पताल लाइफगाड, नोवल, हाम्रो अस्पताल लगायतरा अस्पतालमा लिएर जाने र २ प्रतिशत मात्रै सरकारी अस्पताल कोशीमा जाने गरेका डा.देवले बताए। १ नम्बर प्रदेशका पूर्व सामाजिक विकाश मन्त्री जीवन घिमिरेद्वारा भिडियो एक्सरे महानगरमार्फत प्राथमिक स्वास्थ्य चौकीलाई प्रदान गरिएको तर चलाउने जनशक्तिको रेडियो लोजिष्टको अभावले त्यसै थन्किएको ल्याव सहायका मणिकचन्द भगतले जानकारी दिए।

जर्नल एक्सरे मेशिन आएको १५ दिन भइसक्दा पनि त्यसलाई जडान गर्ने र चलाउने प्राविधिकको हालसम्म कुनै अत्तोपत्तो छैन। भिडियो एक्सरे त आयो तर त्यसको दरवन्दी ने नभएका कारण कर्मचारीले काम नगरेको जस्तो गर्ने सेवाग्राहीले आफुहरुलाई गुनासोमात्रै गर्ने गरेको अर्का जनस्वास्थ्य निरीक्षक भुपेन कुमार साहको गुनासो छ। स्वास्थ्य बीमाको कारण काममा बढी चाप परेकाले अफिसको काम घरमा समेत बसेर गर्ने गरिएको तर आफ्नो कामलाई सेवाग्राहीले नबुझ्दा दुःख लाग्ने उनले बताए।

स्वास्थ्य चौकीवाट निस्कने सिरिन्ज लगायतका नसड्ने फोहोरको व्यवस्थापनमासमेत समस्या रहेको स्वास्थ्यकर्मी मीना अधिकारीले बताइन्।

सेवाग्राहीको चापअनुरुपको भवनसमेत नभएकाले सेवा लिन आउनेले सास्ती व्यहोर्नु परेको छ। रानी स्वास्थ्य चौकीलाई बर्थिङ सेन्टरकोरुपमा विकास गर्ने लक्ष्य रहेतापनि स्वास्थ्यकर्मीको लागि वस्ने कोठा, जनशक्तिको अभाव, सुरक्षा, विरामी कुरुवाको लागि प्रतिक्षालय, महिलाहरुलाई वाड्ने पिल्स, सुइ लगायत सरकारले दिने ९८ भन्दा बढी निःशुल्क औषधिको अभाव रहेको छ। स्कयानिङका लागि व्याकअपको व्यवस्था नहुनु, कोभिडको महामारीमासमेत मास्कको व्यवस्था नगरपालिकाले नगरेको, कार्यालयको लागि आवश्यक सामग्री माग गर्दासमेत वेवास्ता गर्ने जस्ता समस्याले ग्रसित स्वास्थ्य चौकीमा मातहतका निकायले गर्नु पर्ने धेरै रहेको छ।

यदि यी कुराहरुलाई महानगरले ध्यान दिने हो भने रोडशेष दक्षिणका स्थानीय जनताले सामान्य उपचारका लागि विराटनगरका निजी अस्पतालमा लामो समय पालो कुरेर बस्नुपर्ने र चर्को शुल्क तिर्नु पर्ने बाध्यता हट्ने र सर्वसुलभ सेवापाउदा समय र पैसाको समेत बचत हुनेमा दुई मत छैन।

# वाईसीएल कृष्णनगरको अध्यक्षमा आरिफ अलि खाँ

**अजय मिश्र/मध्याह्न**
कपिलवस्तु, २१ फागुन



नेकपा माओवादी केन्द्रको भातृ संगठन योङ कम्युनिष्ट लीग (वाईसीएल) कृष्णनगरको नगर सम्मेलन सम्पन्न भएको छ। सम्मेलनले कृष्णनगरका आरिफ अलि खाँको अध्यक्षतामा ९७ सदस्यीय नगर कमिटी गठन गरेको छ।

कमिटीको वरिष्ठ उपाध्यक्षमा विजेन्द्र कुमार कश्यप, उपाध्यक्षद्वयमा जुम्मन खाँ र रोहित पाण्डेय, सचिवमा मुजिम शाह, सहसचिवमा अनिसुर्रहमान र कोषाध्यक्षमा मनोज कुमार शर्मा चयन भएका छन्।

नेकपा माओवादी केन्द्रका लुम्बिनी प्रदेश सदस्य मौलाना मशहुद खां नेपालीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको विशिष्ट आतिथ्यता राष्ट्रिय मदरसा संघ नेपाल तथा मुस्लिम मुक्ती मोर्चा नेपालका केन्द्रीय सदस्य डा अब्दुल गनी अलकुफी र नेकपा माओवादी केन्द्र कृष्णानगर नगर सचिव गणेश प्रसाद बन्जाडेले गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि खाँ नेपालीले नवनिर्वाचित कमिटीलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्दै नेपालीले युवाहरु नै देशका भविष्य भएको बताए।

उनले भातृ संगठनलाई नेकपा माओवादी केन्द्रको सिद्धान्त प्रति समर्पित भइ देश हितमा काम गर्न अनुरोध गरे।

# मधेशका जिल्ला निर्वाचन कार्यालयहरुमा किसानहरुको धर्ना

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २१ फागुन



किसान आन्दोलन अन्तरगत शुक्रबार जिल्ला निर्वाचन कार्यालयहरुमा किसानहरुले धर्ना दिएका छन्। पूर्वघोषित कार्यक्रम अनुसार जनमत पार्टीको नेतृत्वमा किसानहरुले तराई-मधेशका जिल्लाहरुमा रहेका प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा धर्ना दिएका हुन्।

जसक्रममा सप्तरी लगायतका जिल्लामा प्रहरी र किसानहरुबीच झडपसमेत भएको छ। दुई महिनाभन्दा बढी समयदेखि जारी किसान आन्दोलनको माग पुरा गरेर मात्र स्थानीय तहको निर्वाचन गराउन जनमत पार्टीले आग्रह गर्दै आएको छ। सोही अनुसार यसअघि जिल्ला निर्वाचन कार्यालयमार्फत सरकारलाई ज्ञापन पत्र दिइएको थियो। यसैगरी जनमत पार्टीले निर्वाचन आयोगमा दर्ता रहेका र आयोगबाट चुनाव-चिन्ह पाइसकेका दलहरूलाई स्थानीय तहको निर्वाचन २०७९ मा देशभरि नै सोही चुनाव-चिन्ह वितरण गर्नु पर्ने माग गरेको छ। बहुसंख्यक मतदाताहरूको पुरानो मतदाता परिचयपत्र नष्ट भएको वा हराइरहेको हुँदा सम्पूर्ण मतदाताहरूलाई पुनःमतदाता परिचयपत्र वितरण गर्नु पर्ने र नागरिकता परिचयपत्र देखाएर पनि मतदान गर्न सक्ने व्यवस्था गर्नु पर्ने माग जनमत पार्टीले गरेको हो।

निर्वाचनको क्रममा निर्वाचन आयोगदेखि लिएर निर्वाचन अधिकृतहरूले कुनै पनि सत्ताधारी पार्टीहरूको पक्ष नलिई सबै पार्टीहरूसँग समान व्यवहार गर्दै निष्पक्षरूपमा निर्णयहरू गर्नु पर्ने ज्ञापन पत्रमा उल्लेख छ। निर्वाचनमा हुने विकृत कार्यहरु रोक्न निर्वाचन आचारसंहिता ठोसरुपमा कार्यान्वयन गराउन जनमत पार्टीले माग गरेको छ।

# प्रेस काउन्सिलका अध्यक्ष बस्नेतलाई नहटाउन अन्तरिम आदेश



**काठमाडौं/मस**–सर्वोच्च अदालतले प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतलाई पदबाट नहटाउन सरकारका नाममा अन्तरिम आदेश गरेको छ।

सर्वोच्चका न्यायाधीश तेजबहादुर केसीको एकल इजलासले शुक्रबार अन्तरिम आदेश जारी गरेको हो।

काउन्सिलका अध्यक्ष बस्नेतले पदबाट हटाउनका लागि मन्त्रिपरिषद्ले स्पष्टीकरण सोधेको विषयमा प्रश्न उठाइ सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो। अदालतले प्रारम्भिक सुनुवाइबाटै स्पष्टीकरणको कार्यान्वयन नगर्न भनेको छ। प्रेस काउन्सिल स्वतन्त्र, स्वायत्त र अर्धन्यायिक निकाय भएकाले त्यसको काम कारबाहीमा सरकारी हस्तक्षेप अमान्य हुने आदेशमा भनिएको छ। बस्नेतलाई यसअघिको सरकारले चार वर्षका लागि काउन्सिलमा अध्यक्ष पदमा नियुक्त गरेको थियो।

## एमाले ...

मात्रै १५ करोड १० लाख र सांसदको स्वकीय कर्मचारीको तलबमा १० करोड २८ लाख खर्च भएको संसद् सचिवालयले जनाएको छ।

सदनमा एमालेले उठाएको विषय सदनमा छलफल हुने सम्भावना नरहेको कानूनमन्त्री दिलेन्द्र बडु बताउँछन्। "एमालेले जे कुरा उठाएको छ त्यसमा संसद्मा छलफल हुनै सक्दैन। हाम्रो संविधानको धारा १०५ ले विशेषाधिकारका रूपमा अदालतमा विचाराधीन मुद्दामा संसद्को कुनै सदनमा छलफलमा आउन सक्दैन भन्ने व्यवस्था गरेको छ", उनी भन्छन्।

संसद्मा ५७ विधेयक विचाराधीन छन्। ती मध्ये प्रतिनिधिसभामा ४२ र राष्ट्रिय सभामा १५ छन्।

राष्ट्रियसभाले टुंग्याएर प्रतिनिधिसभामा पेस गरिएका विधेयक मात्रै ११ वटा रहेको संसद सचिवालयले जनाएको छ। आज पनि दिउँसो १ बजेका लागि संसद बैठक बोलाइएको छ।

तर, एमालेले आफ्नो माग पूरा नहुँदासम्म सदन चल्न नदिने माग राखेकाले निर्वाध सदन चल्ने सम्भावना न्यून छ।

## कांग्रेस...

नेता पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री देउवाका प्रमुख सत्ता साझेदार हुन्। तर काँग्रेस संस्थापन इतरले भने सत्ता गठबन्धनमा रहेका तिनै कम्युनिष्ट नेताहरुविरुद्ध उभिएको सन्देश दिएको छ।

**WANTED**

1. **Markiting Officer - 1** (Female Bachelor's degree pass, Excellent English skill)
2. **PRO - 2** (Male+2pass, Good English & Computer skill)
3. **Office Runner - 1** (Male with bike license holder)

**Salary Negotiable**

**Premier Consultant Employment Pvt. Ltd.**
Basundhara - 3, Kathmandu, Nepal
Lic. No. 1192/073/074 Ph: 01- 4985033, 4950212, 9804355334

## Invitation for Bids

# Chandannath Municipality
# Office of the Municipal Executive

**Khalanga Bazar, jumla**
**Karnali Province, Nepal**

**Date of publication: 06 March , 2022**

1. Chandannath Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of Anamnagar to Dhimichaur Road Construction Works and Lagna Dhaulighat Road Construction Works of Municipality under National Competitive Bidding procedures. The estimated amount for the works are Rs. 11586285.27 and 11588152.49 incl. VAT respectively.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chandannath Municipality, Khalanga Bazar Jumla, 087-520011 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost Nrs.3000.00 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Rsatriya banijaya Bank, Jumla**
   **Name of Office : Chandannath Municipality, Jumla**
   **Office Account no. : 4030100301010002**
4. Pre-bid meeting shall be held at Municipality office at March 25, 2022, 14:00.
5. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on April 05,2022. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00, April 05, 2022 at the office of Office of Chandannath Municipality, Jumla . Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format,which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N. | Description of Works | Contract Identification Number | Bid Documents Fee | Bid Security |
|---|---|---|---|---|
| 1. | Anamnagar to Dhimichaur Road Construction Works | CNM/ROAD/ NCB/02/078/79 | 3000.00 | 320000.00 |
| 2. | Lagna Dhaulighat Road Construction Works. | CNM/ROAD/ NCB/03/078/79 | 3000.00 | 320000.00 |

**Chief Administrative Officer**

## Invitation For Sealed Quotation

# Madhyabindu Municipality
# Office of the Municipal Executive

**Chormara**

**Invitation for Bids for procurement of Medicine**
**Contract Identification No :02/MBMG/Goods/078/079**

**First Date of Publication: 2078-11-22**

1. The Government of Nepal (GoN) has allocated funds to Madhyabindu Municipality for Medicine and the Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of Medicine. Bid is open to all eligible Nepalese Bidders.
2. The Madhyabindu Municipality invites sealed quotation from registered Suppliers or manufactures for supply of Medicine. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhyabindu Municipality or www.bolpatra.gov.np/egp.
4. Bidding documents may be purchased from the www.bolpatra.gov.np /egp upon payment of a non-refundable fee for bid documents as mentioned in the following tabl. The bidders shall deposit the cost of bidding docPument in the account as specified below:
   **Name of the Bank : Rastriya Banijya Bank,Kawasoti**
   **Name of Office : Office of Municipal Executive, Madhyabindu Municipality, Chormara**
   **Office Account no. : 3200100301010004**
5. If the bidder wishe to summit bid security in the form of cash should be doposited in following account.
   **Name of the Bank : Rastriya Banijya Bank,Kawasoti**
   **Name of Office : Office of Municipal Executive, Madhyabindu Municipality,Chormara**
   **Office Account no. : 3200100303000004**
6. The name and identification of the contract are as follows:

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 02/MBMG/ Goods/2078/79 | Procurement Of Medicine | SQ | 1900000.167 | 1000/- | 50,000/- | 45 days/ 75 days after bid opening | 2078-12-07 12.00 | 2078-12-07 14.00 |

7. if the last date of purchasing submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

**Chief Administrative Officer**

# प्रहरीको कुटपिटबाट मृत्यु भएपछि आफन्त आन्दोलित, प्रहरी विट तोडफोड

**अर्जुन बिष्ट/मध्यान्ह**
सुर्खेत, २१ फागुन



सुर्खेतमा प्रहरीको कुटपिटबाट कालिकोटका एक व्यापारीको मृत्यु भएपछि उनका आफन्तले आन्दोलन सुरु गरेका छन् । घटनामा संलग्न प्रहरीलाई कारबाहीको मागगर्दै मृतकका आफन्तहरू आन्दोलित भएका हुन् ।

फागुन २० गते शुक्रबार राति नेपालगंजबाट सुर्खेत आउँदै गरेका कालिकोट जिल्लाको तिलागुफा नगरपालिका -३ का ३५ वर्षका कृष्ण हमाल (मिनी) प्रहरीको कुटाइबाट घाइते भएका थिए ।

घाइते हमाललाई शनिबार बिहान साढे दश बजे सुर्खेत हस्पिटल प्रालिमा ल्याइएको थियो । तर अस्पताल नपुग्दै उनको बाटोमै मृत्यु भैसकेको अस्पतालले घोषणा गरेको थियो । घाइते हमालको शनिबार दिउँसो मृत्यु भएको हो ।

प्रहरीको गैरजिम्मेवार र प्रशासनसहित प्रहरीले घटनाप्रति चासो नदेखाएको भन्दै मृतकका आफन्तहरुले सुर्खेतको विरेन्द्रनगरमा सडकमा टायर बालेर आन्दोलन गरेका छन् । उनीहरुले विरेन्द्रचोकमा रहेको प्रहरी विटसमेत तोडफोड गरेका छन् । गत शुक्रबार व्यापारी हमाल नेपालगञ्जबाट ट्रकमा सामान राखेर कालिकोट जा'दै थिए । त्यही क्रममा सुर्खेत वीरेन्द्रनगरस्थित सुब्बाकुना प्रहरी चेकपोष्टमा सामान बढी हालेको बिषयमा प्रहरीसँग वादविवादका क्रममा उनलाई कुटपिट गरिएको बताएको छ । हमाल कालिकोटमा कपडा पसल गर्दै आएका ब्यापारी थिए । प्रहरीको कुटाईबाट चालक र सहचालक पनि घाइते छन् । मृतकका आफन्तहरु आन्दोलित बनेपछि यता जिल्ला प्रशासन कार्यालयले सुर्खेतले घटनाको छानबिनका लागि छानबिन समिति गठन गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद पाण्डेको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरिएको प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले मध्यान्हलाई जानकारी दिए । छानबिन समितिलाई तीन दिन भित्र घटनाको प्रतिबेदन पेश गर्न निर्देशन दिइएको प्रजिअ रिजालले बताए ।

# महाशिवरात्रि सकियो, सकिएन भिड

**रेशम अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ फागुन



कोरोना महामारीका कारण दुई वर्ष रोकिएको पशुपतिमा लाग्ने मेला यस वर्ष स्वास्थ्य मापदण्ड पूरा गरेर सावधानी साथ सञ्चालन गरिएको थियो ।


भगवान् श्री महादेवको दर्शन गर्न र शिवरात्रि पर्वको मेला अवलोकन गर्नकै लागि देशभरका विभिन्न भक्तजन लगायत छिमेकी राष्ट्र भारतका तीर्थयात्रीको पशुपतिनाथ मन्दिरमा घुइँचो लाग्यो । शिवरात्रिको दिन मंगलबारमात्र ७ लाख बढी दर्शनार्थी पशुपति आएको अनुमान गरिएको छ । पशुपतिमा थेगिनसक्नु भिडकै शिवरात्रिको दिन (मंगलबार) मन्दिरको आर्यघाटमा रहेको पुलको पर्खाल भत्कियो । दक्षिणतर्फको पुलको उत्तरतिरको भाग भत्किँदा दुई जना घाइते भए । 'पुल जीर्ण छ भन्ने खबर थियो, त्यसैले त्यता नजान प्रहरी सचेत गराइरहेको थियो' एक अधिकारीले भने, 'यद्यपि पुल भत्कियो, तर प्रहरी नजिकै भएकाले धेरै क्षति हुन पाएन ।'

महाशिवरात्रि सकिएसँगै मेलामा आएका साधुसन्तहरुलाई बिहीबार बाटो खर्चसहित बिदाइ गरियो । महाशिवरात्रि सकिएपनि पशुपतिनाथ मन्दिर परिसरमा भिड भने उस्तै छ । यसै पनि सोमबार र शनिबार मन्दिर परिसर भिड हुने गर्छ । महाशिवरात्रिको भोलिपल्ट अर्थात् फागुन १८ गतेदेखि एक हप्ता पशुपति क्षेत्रस्थित वनकालीमा मेला सञ्चालनमा छ । मन्दिर दर्शनभन्दा पनि मेला अबलोकन गर्नेको भिड शनिबार बढी देखिन्थ्यो । मेलामा बालबालिका एवं वयस्कका लागि पिङलगायतका खेलहरुमा भिड अत्यधिक देख्न सकिन्थ्यो ।

मेला अवलोकनसँगै विभिन्न सामग्रीको किनमेल तथा मिठो खानाका परिकारको स्वाद लिन पाइने भएकाले आफु बुटवलदेखि राजधानी आएको निशात पंगेनीले मध्यान्हलाई बताए । शनिबार सार्वजनिक विदा र मेला सकिन ३ दिन मात्र बाँकी भएकाले दर्शकको चाप बढेको एक व्यापारीले बताए ।

# समाज सेवा अभियान रुपन्देही कतारको अध्यक्षमा खड्का

**तिलु शर्मा पौडेल/मध्यान्ह**
कतार, २१ फागुन



'सामाजिक तथा आर्थिक विकास अभियानमा सहकार्य, आत्मा निर्भरता र समृद्ध जीवन सबैका लागि अपरिहार्य' भन्ने मूल नाराका साथ सन् २००९ मा स्थापित समाज सेवा अभियान रुपन्देही कतारले आफ्नो सातौँ अधिवेशन सम्पन्न गरेको छ । संस्थाका संरक्षक अर्जुन प्रसाद भट्टराईको प्रमुख आतिथ्यता तथा अध्यक्ष विष्णु बहादुर खड्काको सभापतित्वमा अधिवेशन सम्पन्न भएको हो । कार्यक्रममा विभिन्न वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए । वक्ताहरूले रुपन्देही जिल्लामा विभिन्न छिमेकी जिल्लाहरूबाट बसाइँ सराई गरी आउने क्रम बढेको बताउँदै प्रवासमा सबैलाई समेट्दै सम्बन्ध प्रगाढ बनाई गोलबन्द गराउनुपर्ने बताए ।

सामाजिक सञ्जाल टिकटक प्रयोगकर्ताहरूले विभिन्न स्थानमा गएर टिकटक बनाउने र अडियो भिडियोको गलत प्रयोग गरेको पाइएको बताउँदै यहाँको स्थानीय नियम र कानुनलाई पालना गर्न समेत वक्ताहरूले अनुरोध गरेका थिए ।

संस्थाले विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीको जोखिम परिस्थितिमा पनि विभिन्न सहयोगार्थ अभियानमा हातेमालोसंगै अक्सिजन सिलिन्डर पठाउने लगायतका सहयोग गरेको आर्थिक तथा कार्यप्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो ।

मुक्तिराम पोखेलको स्वागत मन्तव्य तथा शंकर प्रसाद न्यौपानेले कार्यक्रमलाई सहजीकरण गरेका थिए । अधिवेशनले बन्द शत्रबाट विष्णु बहादुर खड्काको नेतृत्वमा १३ सदस्यीय कार्यसमिति सर्वसहमत चयन गरेको छ । खड्का दोस्रो कार्यकालका लागी पुन अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन् ।

नव निर्वाचित कार्य समितिका पदाधिकारीहरूमा डिल्ली राम अर्याल उपाध्यक्ष, सुचित्रा शर्मा महिला उपाध्यक्ष, शंकर प्रसाद न्यौपाने महासचिव, छविलाल सूचिकार सचिव, लक्ष्मण पौडेल कोषाध्यक्ष, हेमा कुमारी न्यौपाने सह-कोषाध्यक्ष रहेका छन् । त्यस्तै कार्यसमिति सदस्यहरूमा खिमानन्द पन्थी, मुक्तिराम पोखेल, चन्द्र बहादुर फुल्लेल, राजु परियार, विनोद भट्टराई र मनोज सिंजाली रहेका छन् ।

नवनिर्वाचित पदाधिकारीलाई निर्वाचन समितिका संयोजक अर्जुन प्रसाद भट्टराईले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।


## हुम्ला कर्णाली -२ जलबिद्युत आयोजना (३३५.00 मे. वा.) को वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः- २०७८/११/२२**

कर्णाली प्रदेशको हुम्ला जिल्ला, खर्पुनाथ गाउँपालिका र सार्केगाढ़ गाउँपालिकामा प्रस्तावक सिचुवान वाङ्गपीङ्ग इनर्जी साइन्स एण्ड टेक्नोलोजी कम्पनी लिमिटेड (Sichuan Wangping Energy Science & Technology Co. Ltd) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **सिचुवान वाङ्गपीङ्ग इनर्जी साइन्स एण्ड टेक्नोलोजी कम्पनी लिमिटेड (Sichuan Wangping Energy Science & Technology Co. Ltd)**, सामाखुसी, काठमाडौं, नेपाल |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित जलबिद्युत आयोजनाका लागि खर्पुनाथ गाउँपालिका-१ को हुम्ला कर्णाली नदीमा ४० मि. लम्बाई र ३० मि. उचाईको बाँध निर्माण गरि पानीलाई ५ मि. अग्लो र ५ मि. चौडाई भएका ६ वटा इन्टेक मार्फत, ४ ओटा Double च्याम्बर भएको १३० मि. लम्बाई १८ मि. चौडाई र १३ मि. गहिराई भएको बालुवा थिग्राउने ट्यांकी निर्माण गरिने छ । सो बालुवा थिग्राउन ट्यांकी बाट करिब ११.६० कि.मि. लामो र ७.४ मि. ब्यास भएको टनेलको मध्यमबाट पानीलाई सर्ज साफ्ट सम्म लागि पेनस्टक पाईप मार्फत दुल्ली गाउँ भन्दा करिब २०० मि. माथि प्रस्तावित बिद्युत गृहमा खसाली ३३५.०० मेगावाट बिद्युत उत्पादन गरिने छ र पानी पुनः हुम्ला कर्णाली नदीमा मिसाईने छ । |
| **प्रभाव पर्न सक्ने जिल्ला/ न.पा./ गा. पा.** | हुम्ला जिल्लाको सार्केगाढ़ गाउँपालिका (वडा नं. ४ र ६) र<br>खार्पुनाथ गाउँपालिका (वडा नं. १, २ र ३) |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मुल्यांकन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वाथ्य चौकी तथा सरोकारवाला व्यक्ति र संस्थाको लिखित राय सुझाव लिन आवस्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय-सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | | | |
|---|---|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | सिचुवान वाङ्गपीङ्ग इनर्जी साइन्स एण्ड टेक्नोलोजी कम्पनी लिमिटेड (Sichuan Wangping Energy Science & Technology Co. Ltd), सामाखुसी, काठमाडौं, नेपाल,<br>फोन नं.: ०१-४३८४०१३ र Email: swest.nepal@gmail.com | | |
| **परामर्शदाताको नाम र ठेगाना** | श क्यु कन्सल्ट प्रा.लि.<br>काठमाडौं म.न.पा.-३ | ग्रीन इन्टरनेसनल कन्सल्टेन्सी<br>काठमाडौं म.न.पा.-३२ | इनोभेटिव इन्जिनियरिंग सर्भिसेज प्रा.लि.<br>ललितपुर म.न.पा.-११ |
| | Email: consultsaque@gmail.com<br>फोन न.: ०१-४००४७४० | | |



## Bhairabi Rural Municipality
## Office of the Rural Municipal Executive

**Bhairikalikathum, Dailekh**
**Karnali Province, Nepal**

### Invitation for Bids for the Construction of Rural Municipality office building.

**Contract Identification No: BRM/W/NCB/078/79-11**
**First Date of Publication: 2078/11/22 (March 6, 2022)**

1. The Government of Nepal [GoN] has allocated funds towards the cost of **Construction of Rural Municipality office building** and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of Rural Municipality office building (Contract No: BRM/W/NCB/078/79-11). Bidding is open to all eligible bidders as per Section V of Bidding Document .
2. Bhairabi Rural Municipality, Dailekh invites electronic bids from eligible bidders for the construction of Rural Municipality office building Bhairikalikathum, Dailekh under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 78 Million (Excluding VAT)
   - Minimum Work experience of similar size and nature (i.e. at least one RCC Building Construction Experience within last 10 years); Value of Service for Single Project shall be of at least NRs. 80 million (Excluding VAT) has been successfully or are substantially completed.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bhairabi Rural Municipality, Bhairikalikathum, Dailekh, Karnali Province, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's **Rajaswa** (Internal Revenue) account as specified below Information to deposit the cost of bidding document NRs. 10000.00 in the Project's **Rajaswa** (Internal Revenue) account as specified below.
   **Name of the Bank : Civil Bank Ltd.**
   **Office Account no : 06610182906098**
6. Pre-bid meeting shall be held at Bhairabi Rural Municipality, Bhairikalikathum, Dailekh Karnali Province Nepal at 2078/12/07 13:00 hours. Electronic bids must be submitted to the office Bhairabi Rural Municipality, Dailekh, Karnali Province, Nepal by through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 2078/12/22 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2078/12/22 14:00 hours at the office of Bhairabi Rural Municipality, Dailekh, Karnali Province, Nepal. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 28,00,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**For Chief Administrative Officer**



## Yangwarak Rural Municipality
## Office of The Rural Municipal Executive

**Tharpu, Panchthar**
**1 no. Province**

### Invitation for Online Bids

**First Publication Date: 2078/11/22**

The Yangwarak Rural Municipality Tharpu, Panchthar invites electronic bids from Nepalese eligible bidders for the Procurement of Followings Works under National Competitive Bidding procedures.

| S. N. | Contract Identification No | Description of Works | Estimate Amount With Out Vat Nrs. | Bid Security Amount (Nrs.) | Cost of Bid Document (Nrs.) |
|---|---|---|---|---|---|
| I. | YRM/NCB/Goods/ No-10-78/79 | Procurement of Fabricated Steel Parts for Trail bridge Tharpu,Panchthar | *67,74,735.00* | *1,69,000.00* | *3,000.00* |

1. Eligible Bidders may obtain further information at the Office of Rural Municipal Executive, Yangwarak Rural Municipality, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
2. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp till 2078-12-20 during office hours. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Civil Bank Ltd., Yangwarak Branch, Panchthar
   Name of the Office : **YANGWARAK GAUPALIKA**
   Office Code no : **1125702**
   Office Account no : **06210184899082 For Bid Document**
   **06210184899047 For Bid Security**
   Contact Details : - Phone no. 024-410048,
   Email: - yangwarakruralmun@gmail.com,
3. Pre-bid meeting shall be held at Yangwarak Rural Municipality at **2078-11-30 13:00**.
4. Electronic bids must be submitted to the office Yangwarak Rural Municipality, Tharpu, Panchthar through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00 Noon on 2078/12/22**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2078-12-22 13:00** hours at the Office of Yangwarak Rural Municipality, Panchthar. Bids must be valid for a period of 90 days after bid opening. Bid security amount must be as per above table and shall be valid for 30 days beyond the bid validity period.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall beconsidered as the last date.
7. Bids should comply in all respects with the instruction to Bidder included in the Bid Document. Noncompliance with this instruction shall result in disqualification.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२२ फागुन २०७८, आइतबार
6 March 2022, Sunday

## सम्पादकीय

### ओझेलमा एजेण्डा

सरकारले आगामी ३० वैशाखमा स्थानीय चुनावको मिति घोषणा गरेपछि निर्वाचन आयोग तयारीमा जुटेको छ । आयोगले नियमित पत्रकार सम्मेलन गरेर चुनावी तयारीबारे जानकारी दिइरहेको छ । मतदाता नामावली अद्यावधिक, दल दर्ता, चुनाव चिन्ह निर्णय, मतदान केन्द्र निर्धारण जस्ता आधारभूत तयारीमा आयोगले अग्रसरता देखाएको छ । तर सरकार र सत्तारूढ गठबन्धनमा चुनावी एजेण्डा प्राथमिकतामा देखिदैन । विशेषगरी प्रधानमन्त्री शेरबहादुर देउवाको चासो चुनावतिर देखिन्न । प्रधानमन्त्री देउवाको ध्यान अझैपनि राजनीतिक जोडघटाउ र दाउपेचमै सीमित छ । गएको १५ फागुनमा अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) प्रतिनिधिसभाबाट अनुमोदन गराएका छन् । एमसीसी अनुमोदनकै निम्ति प्रधानमन्त्री देउवाले लामो समय खर्चिए । त्यसका निम्ति देउवाले सत्ता गठबन्धनका दलहरूदेखि विपक्षी नेकपा एमालेसँग समेत लगातार भेटवार्ता गरेका थिए ।

एमसीसी अनुमोदन पछि प्रधानमन्त्री देउवाले गठबन्धन अगाडि बढ्ने तयारीलाई प्राथमिकता दिएका छन् । बिहीबार मात्रै प्रधानमन्त्री देउवाले गठबन्धनको बैठक राखे । त्यो बैठकले गठबन्धन जोगाउनका निम्ति पहिलो आन्तरिक छलफल चलाउने निर्णय गरेको छ । स्थानीय चुनाव नजिकिदै गएपनि सत्ता गठबन्धनका दलहरूमा चुनावको पर्याप्त तयारी देखिन्न । त्यसअघि पनि प्रधानमन्त्री देउवा राजनीतिक निकासकै निम्ति धेरै अल्मलिएका थिए । राष्ट्रियसभा निर्वाचन, नेपाली काँग्रेसको १४औं महाधिवेशन, दल विभाजन सम्बन्धी अध्यादेश ल्याएर नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) विभाजन जस्ता एजेण्डामा प्रधानमन्त्री अल्मलिएका थिए । सर्वोच्च अदालतले संविधानको धारा ७६ (५) बमोजिम परमादेशबाट प्रधानमन्त्री देउवा नियुक्त भएकाले संसदमा बहुमत लिनै सकस परेको थियो ।

८८ दिनसम्म प्रधानमन्त्री देउवाले मन्त्रिपरिषद् बिस्तार गर्नै सकेका थिएनन् । त्यसपछि पनि लगातार राजनीतिक जोडघटाऊमै धेरै समय खर्चिएका छन् । लोकतान्त्रिक व्यवस्थामा चुनाव जस्तो नियमित काम समेत अगाडि बढाउन सकेका छैनन् । यसको निष्कर्ष हो– देउवाले प्रधानमन्त्रीका रूपमा गर्नुपर्ने काम भने गरिरहेका छैनन् । जनताका आधारभूत आवश्यकता पूरा गर्ने, जीवन पद्दति परिवर्तन गर्ने र समाज विकासका एजेण्डा प्रधानमन्त्रीको प्राथमिकतामा देखिन्न । विकास निर्माणका कामबारे प्रधानमन्त्री देउवा न बोलेका छन्, न कामलाई तीव्रता दिएका छन् । जबकी कोरोना महामारीका कारण बिग्रिएको आर्थिक, सामाजिक र भौतिक क्षेत्र सामान्य अवस्थामा फर्काउनुपर्ने दायित्व प्रधानमन्त्री देउवासँग छ । रोजगार सिर्जना, स्वास्थ्य र शिक्षा जस्ता क्षेत्र राष्ट्रिय एजेण्डा समेत बन्न सकेको छैन ।

# एनआरएनए विवादको अन्तर्य

**एनआरएनएको मुख्य विवाद राजनीति, सिद्धान्त या विधानको हुँदै होइन । ती त एकले अर्कोलाई दोषी देखाउन कुटिलतापूर्वक ब्राण्डिङ्ग गरिएका शब्दजाल मात्रै हुन् । एनआरएनएमा योजनाबद्ध ढंगले विवाद सिर्जना गराइएको प्रष्ट छ ।**

*अग्रलेख*



● नारायण गाउँले

कार्यकाल सकिएपछि आफ्नो म्याद आफै थपेर बसिरहेको एनआरएनए केन्द्रले भर्खरै चुनावबाट निर्वाचित भएर आएका विभिन्न देशका कार्यसमितिलाई विघटन गर्ने र आफू अनुकूल तदर्थ समिति बनाउने भन्ने हल्ला चलेको छ । म्याद गुज्रेको आइसिसीभन्दा भर्खरै निर्वाचित एनसिसीहरू यतिबेला बढ़ी आधिकारिक र महत्वपूर्ण छन् भन्ने सबैले बुझेकै छन् । यस्तो उटपट्याङ् धम्की र आइडिया केही खुरापातीको निजी हुनुपर्छ । केही एनसिसीले केन्द्रमा पैसा नबुझाएको भन्ने सुनियो । आइसीसीको म्याद गुज्रिसकेको, नयाँ कार्यसमिति आउँदै गरेको, आईसीसीका पदाधिकारी आफै चुनावमा उम्मेदवार बनेर होमिएको र तिनले पठाएका प्रतिनिधिमाथि केन्द्रले आफूखुशी कैंची चलाउने र धम्की दिने गरेको हुनाले दुरुपयोग नहोस् भनेर पैसा रोकेको एनसीसीको तर्क पनि पढ़ियो । यो विवाद केन्द्र र एनसीसीबीचको हो । परस्पर विश्वासको वातावरण बनाउनु दुबैको दायित्व हो । म्याद थपेर धानिएको आइसीसीलाई अहिले पैसा किन चाहिन्छ भन्ने एनसीसीहरूलाई बुझाउनु जरूरी छ भने एनसीसीहरूले पनि नयाँ निर्वाचित कार्यसमिति नआउन्जेल पैसा तिर्दैनौं भन्ने हठलाई तार्किक पुष्टि गर्नु जरूरी छ ।

सरकारविरुद्ध विभिन्न आन्दोलनमा व्यापारी र नागरिकलाई कर नतिर्न पार्टीहरूले आग्रह गर्ने गरेका छन् । धेरैले तिरेनन् पनि । तर, सरकारले कर नतिर्नेको नागरिकता नै खारिज गर्ने र जसले पैसा दिन्छ त्यसैलाई नागरिकता बाँड्ने भन्ने कहिल्यै सुनिएन । यदि अविश्वासका कारण र मतभेदका कारण पैसा बुझाएका छैनन् भने विश्वासको वातावरण बनाउनु आईसीसीको कर्तव्य हो । आफ्नो कर्तव्य पूरा नगर्ने र ख़ारेजीको धम्की दिने काम बाहिर हल्ला भए जस्तो बुद्धिमान् पदाधिकारीले पक्कै नगरेका होलान् । त्यसमा पनि शुल्क नै नलिई सदस्यता दिनुपर्ने धारणा राख्नेले नै सदस्यता शुल्क केन्द्रमा नबुझाएको आरोपमा वैधानिक रूपमा निर्वाचित एनसीसी भंग गर्ने अवैधानिक कामबारे सोच्ने कुरो भएन । त्यसै पनि एनआरएनएमा आपसी विश्वास, सौहार्द र सामूहिक भावना लगभग समाप्त भएजस्तो देखिन्छ !

भेट हुँदा एकआपसमा खुशी, मुस्कान र हार्दिकता साटासाट गर्ने कुरा त पर भयो, सँगै फोटो खिच्दा पनि त्यसको के अर्थ लाग्छ भनेर दश पल्ट सोंच्नपर्ने अवस्था छ । एकले अर्कोलाई कसरी खुइल्याउने भन्ने होड़बाजी नै छ । यो कुनै अमुक व्यक्तिका कारण मात्रै सिर्जित समस्या पक्कै होइन । धेरैथोरै सबैको हात छ नै तर एनआरएनएमा 'विद्वत्ता' देखाउने होड़बाजीले यसमा सबैभन्दा बढ़ी योगदान गरेको छ ।

अरू काम त त्यस्तै हो, अनावश्यक रूपमा भइरहेको विधानलाई कोचल्ने, बाङ्गो बनाउने, जसरी विवाद सिर्जना हुन सक्छ त्यस्ता बुँदा घुसाउने, संस्थालाई पंगु बनाउने अनि त्यसको व्याख्या गरेर आफैलाई विद्वान् साबित गर्ने ! ठ्याक्कै राजनीतिक दलजस्तो ! गर्ने र हुने त केही होइन, तर भारतलाई विस्तारवादी भन्ने कि साम्राज्यवादी भन्ने विषयमा रौंचिरा बहस गर्दै विद्वत्ता देखाएजस्तो ! फलतः संस्थाका सबै बहस र गतिविधि यसका मूलभूत उद्देश्यबाट विचलित भएर आज एकअर्कालाई कसरी निषेध गर्ने र खुइल्याउने भन्नेमा केन्द्रित छन् ।

एनआरएनएमा अहिलेको भाँडभैलोको मुख्य कारण यही हो । एआरएनएका उद्देश्य, महत्व र एजेण्डा एकातिर छन् तर, अहिलेको बहस र झगडा विधानमा केन्द्रित जस्तो देखिन्छ । तर, एनआरएनएको मुख्य विवाद राजनीति, सिद्धान्त या विधानको हुँदै होइन । ती त एकले अर्कोलाई दोषी देखाउन कुटिलतापूर्वक ब्रान्डिङ गरिएका शब्दजाल मात्रै हुन् ! सिलसिलेबर ढंगले यो विवाद यसरी सिर्जना भएको देखिन्छ ।




> एनआरएनएको कोभिड महामारीअघि सम्पन्न महाधिवेशनमा आर्थिकलगायतका प्रतिवेदन पास भएनन् । तिनलाई पास गर्न विशेष महाधिवेशन बोलाइने सहमति भयो । त्यहाँ विधानको कुनै प्रसंग थिएन । तर, विश्व कोभिड महामारीसँग जुधिरहेको बेला जुममा केही मान्छे जम्मा गरेर विधान संशोधन गर्ने काम भयो । न त्यो कुनै एनसीसीको माग थियो, न आवश्यकता नै ।

एनआरएनएको कोभिड महामारीअघि सम्पन्न महाधिवेशनमा आर्थिकलगायतका प्रतिवेदन पास भएनन् । तिनलाई पास गर्न विशेष महाधिवेशन बोलाइने सहमति भयो । त्यहाँ विधानको कुनै प्रसंग थिएन । तर, विश्व कोभिड महामारीसँग जुधिरहेको बेला जुममा केही मान्छे जम्मा गरेर विधान संशोधन गर्ने काम भयो । न त्यो कुनै एनसीसीको माग थियो, न आवश्यकता नै । आवश्यक परे नियमित महाधिवेशनमैं पेस गर्न सकिन्थ्यो । त्यसको विरोध पनि भयो । परराष्ट्रसम्म उजुरी पनि पुग्यो । तर विधान फेर्ने र सरकार चलाउनेको लाइन मिलेकोले त्यो रोकिएन ।

विधानअनुसार पहिले विश्वभरका एनसीसीको निर्वाचन हुन्थ्यो र निर्वाचित कार्यसमितिले महाधिवेशन प्रतिनिधि चयन गर्थे । कुन आधारमा प्रतिनिधि चयन गर्ने भन्ने नियमावली थियो । नयाँ विधानले त्यसैलाई गिजोलेर ६५, २५ र १० प्रतिशत जस्तो अनेक थरी बनायो । अचम्म त के भने अधिकांश प्रतिनिधि चाहिँ दुई वर्ष अघि चुनिएको पुरानो कार्यसमितिले गर्ने भन्नेजस्तो उटपट्याङ् तर्क भयो । दुई वर्षअघि जित्नेहरू प्रतिनिधि बन्ने तर अहिले जित्नेहरू प्रतिनिधि हुन नपाउने अनौठो उदाहरण देखियो । उदाहरणका लागि अब हुने निर्वाचनमा प्रतिनिधि छान्ने कसले ? दुई-तीन वर्षअघिको पुरानो कार्यसमितिले कि छ-सात महिनाअघि निर्वाचित नयाँ कार्यसमितिले ? कुनै देशमा एनआरएनएको वास्तविक प्रतिनिधित्व भर्खर चुनिएको नयाँ कार्यसमितिले गर्छ कि तीन वर्षअघिको र अहिले बिदा भइसकेको कार्यसमितिले गर्छ ? अहिलेको मूल प्रश्न र विवाद यसैलाई लिएर भइरहेको देखिन्छ ।

एनआरएनए केन्द्रीय समिति समग्र राष्ट्रिय समितिहरूको साझा प्रतिनिधि हो या एनसिसीहरूमाथि राज गर्ने छुट्टै निकाय हो भन्ने प्रश्न पनि यतिबेला जोड़तोड़ले उठेको देखिन्छ । आइसीसीले निर्देशन गर्दै एनसीसी चलाउने हो या एनसीसीको भावनाअनुसार आइसीसी चल्ने हो भन्ने प्रश्नले यतिबेला बहस मागेको छ । यतिबेला युके, अस्ट्रेलिया, अमेरिका र जापान जस्ता ठूला एनसिसीलाई खारिज गर्ने हो भने चुनाब जितिन्छ भन्ने कसैलाई लागेको पक्कै नहोला । आइसिसी आकाशमैं उम्रेर तुर्लुङ्ग झुल्लिएको बेलुन त होइन । यो एनसिसीहरूकै प्रतिनिधि संस्था होला ।

यतिबेला पत्रकार कम र जागिरे बढ़ी लाग्ने केही साथीहरूले यो विषयलाई जति सकिन्छ गिजोलेर संस्थालाई कसरी धराशायी बनाउन सकिन्छ भन्नेमा ठूलो मिहिनेत गर्दै गरेको देखिन्छ । उपेन्द्र महतोदेखि शेष घले र जीवा लामिछानेसम्म नामै किटेर दुष्प्रचार गरिरहेको दृश्यले केहीलाई क्षणिक खुशी दिएको होला, तर एनआरएनएका लागि ठूलो कोल्याटरल ड्यामेज हो । व्यक्तिगत चरित्रहत्याले यो खाड़ल भर्दैन, झन ठूलो बनाउँछ । सबैले सबै समाचार सुन्न भ्याउन्नन् । एउटा गलत समाचार सुनेको मान्छेको दिमागमा अन्य धेरै राम्रो समाचार सुने पनि अलिकति गलत प्रभाव रहिरहन्छ । होला, तिनमा कुनै पक्षप्रति अलि बढ़ी सहानुभूति हुनसक्छ । यो मानवीय स्वभाव पनि हो । तर तिनको इतिहास र इज्जत मेटाएर संस्थाको इज्जत बढ्दैन । माने पनि नमाने पनि ती संस्थाकै पूँजी हुन् ।

कुमार पन्त आफैले अध्यक्षको दाबेदारी र लोभ देखाएका छैनन् । म्याद थपेर एक/दुई महिना अध्यक्ष बन्ने लोभ भएको भए उनले उम्मेदवारी नै दिँदा हुन् । त्यसैले यो विवाद सकेसम्म चाँडो सकियोस् र निर्वाचन होस् भन्ने उनको इच्छामा शंका गर्नुपर्ने ठाउँ छैन । दुबैतिरका अतिवादीहरूको चेपुवामा उनी परेको हुनसक्छ । तर पनि यो विवाद समाधान गर्दै संस्थाको भविष्य र इज्जतलाई थप बिग्रनबाट जोगाउने बलियो पात्र उनै हुन सक्छन् । संस्थाका अग्रजहरूले पनि अलि लामोसम्म सोचेर हदैसम्म बदनाम भइसकेको संस्थालाई कसरी पुनर्जीवन दिन सकिन्छ भन्ने सोच्ने बेला हो यो ।

सबैले निर्वाचनको विकल्प छैन भनेको सुनिन्छ । तर, आफूले कसरी निर्वाचन चाहेको र अर्कोले रोकिरहेको देखाउन सकिन्छ भन्नेमा सबैको ध्यान ध्यान देखिन्छ । छिटोभन्दा छिटो विवादको मूलसम्म पुगेर समाधान नखोज्ने हो भने र संस्थाको इज्जत यसै गरी धूलिसात् हुँदै जाने हो भने अध्यक्ष बन्नेले पो के जित्ने हो र ? सबै पक्ष गम्भीर हुनु जरूरी छ ।

## सामाजिक सञ्जाल




- रामकुमार श्रेष्ठ

युक्रेनले युक्रेनी र विदेशी जनतालाई युद्धमा ढाल बनाउने भएकोले जन क्षय नहोस् भन्ने उद्देश्यका साथ उनीहरूलाई युक्रेन बाहिर जान दिनका लागि युद्धको अन्तरराष्ट्रिय नियमलाई पालना गर्दै केही घण्टाको युद्ध बिराम गरेको हो । रूसले युद्ध हारेको होइन ।



- डा. सुन्दरी पोखरेल

राजनीति अहिले शान्त जस्तै देखिन्छ तर, यो शान्ति होइन सन्नाटा हो । आँधी आउनु अघिको सन्नाटा । राष्ट्रिय राजनीतिमा पकड भएका केही नेता र पात्र यस्ता छन् जसले देशलाई शान्त बन्न दिँदैनन् । निरन्तर भाडभैलो र अस्थिरता गर्छन् । चुनाव रोक्न अब आँधी ल्याउन खोज्छन् ।



- कृष्ण घिमिरे

प्रतिपक्षको असहभागिता, सडक र सदनको चर्को बिरोध चिरेर एमसीसी पारित गर्न सक्ने तर, जनतासँग प्रत्यक्ष सरोकार राख्ने नागरिकतालगायत दर्जनौं विधेयक रोकिराख्ने कस्तो नीति हो ? जनताका सरोकारका बिषयमा संसदीय वातावरण चाहिने, तर विदेशी स्वार्थका विषय भनें फटाफट ! गैरजिम्मेवार सरकार !



- रवीन्द्र मिश्र

कस्तो राष्ट्रवाद ? 'विस्तारवादी र साम्राज्यवादी देश'का विरूद्ध चर्का नारा लगायो, तिनका विरूद्ध लडेर छातिमा गोली खान तयार छौं भन्यो, तर अपवादलाई छोडेर, तिनै देश जान या परिवारका सदस्य पठाउन मरिहत्ते गर्यो; जान पाए सकभर देश फर्किएरै नआयो । कस्तो समाज, कस्तो राष्ट्रवाद हाम्रो ?



- विष्णु सापकोटा

नेपालमा राजनीति गर्छु भन्नेले एउटा मात्र प्रश्नमा चिन्तन गरे पुग्थ्यो । आफु राजनीतिमा किन लागेको वा आफु गर्ने ठाउँमा पुगे भने जनताको लागि के गर्थे ? खाली जनतामा भय फैलाउने, आफ्नै भविष्यको असुरक्षाको डरले जतातत्तै षड्यन्त्र भएको बाहेक केही नदेख्ने राजनीतिक खलपात्रको बिगबिगी चिन्ताजनक छ ।

# सूचना प्रविधिको विकास र विकृति

**फेसबुकको मात्रै कुरा गर्ने हो भने धेरै मानिसको घर परिवार बिग्रेको छ । धेरैले झुट कुरा गरेर ठगी धन्दा पनि भएको विभिन्न पत्रिपत्रिकामा देख्न पाइन्छ । यस्तै, युटुबमा पनि समाजमा नपच्ने खालका अश्लील पिक्चरहरू देखाउने, नभएका विषय वस्तुलाई समेत भाइरलको लागि प्रचार गर्ने, नेपाली समाजको धर्म, संस्कृति, रितिरिवाज परम्परालाई नपच्ने खालमा प्रदर्शन गर्ने यस्ता विकृतिले गर्दा नेपाल समाजको मस्तिष्क समेत बिगारेको पाइन्छ ।**

*टिप्पणी*



● रोशनी बुढा

ऐतिहासिककालमा सूचनाको विकास नभएपनि आध्यात्मीक ग्रन्थका अनुसार सबैलाई नारद मुनि (ऋषि) ले सूचना आदान प्रदान गरेको पाइन्छ । अर्को तर्फ, राजा महाराजाहरुले बाज (चरा)लाई ट्रेनिङ्ग गरेर पत्र आदान प्रदान गरेको गाथा सुनिन्छ । मानिसहरुको चेतना विकास हुँदै जाँदा त्यसलाई रुपान्तरण हुँदै गाइने र राज्यको ठूलो कोटमा (डाडाँ) मा दमाहाँ वा शंख बजाएर सभा-सम्मेलन भेला गर्ने प्रचलन थियो । चिठ्ठीपत्र, घोषणापत्र या कानून भन्ने भोजपत्र, शिलापत्र, ताम्रपत्र आदिमा आदान प्रदान गर्ने प्रचलन थियो । त्यसलाई विस्तारै रुपान्तर गर्दै लेटर प्रेस, पत्रिका, रेडियो, टेलिग्राम आदि विकास हुँदै गयो र जनताले सूचना लिन दिन र सुन्न सहज भयो । यही सेरोफेरोमा आज अनेक थरिका सञ्चारमाध्यम, आधुनिक सञ्चार प्रविधिको विकास भई विश्व एक घर जस्तै भएको छ । विशेषतः इन्टर नेटको विकासले अनलाइन मिडिया, फेसबुक, टिकटक, यूट्युब आदिको चरम विकासले सूचना पाउन र लिन सहजतः भएको छ तर त्यस अनेक किसिमका विकृतिले पनि समाज नकारात्मक असर पनि परेको छ । खासगरी सूचना तथा आधुनिक प्रविधि कयौँ वैज्ञानिक, इन्जिनियर, डाक्टर, प्राध्यापक आदि विज्ञ जनशक्ति उत्पादन पनि गरेको छ । पृथ्वीबाट चन्द्रमा, मंगलग्रह जस्ता अर्को ग्रहमा पुग्न र पत्तालगाउन आधुनिक सूचना प्रविधिको विकास ठूलो महत्व गरेको छ । हुनतः प्राचीनकालमा पनि विभिन्न किसिमका समय अनुकुल र परिस्थितिअनुसार विभिन्न आविष्कार नभएका होइनन् । तत्कालिन समय आणविक वम, रकेट, क्षेप्यास्त्र जस्ता ठूला ठूला वाणहरु पनि थिए । तर, अहिले त्यो भन्दा पनि एकैपटक संसार भरि हेर्न पाउने इन्टरनेटले अनेकौं किसिमका फाइदा र त्यसका साथै नोक्सान पनि भएको छ ।

यहाँनेर फेसबुकको मात्रै कुरा गर्ने हो भने धेरै मानिसको घर परिवार बिग्रेको छ । धेरैले झुट कुरा गरेर ठगी धन्दा पनि भएको विभिन्न पत्रिपत्रिकामा देख्न पाइन्छ । यस्तै, युटुबमा पनि समाजमा नपच्ने खालका अश्लील पिक्चरहरु देखाउने, नभएका विषय वस्तुलाई समेत भाइरलको लागि प्रचार गर्ने, नेपाली समाजको धर्म, संस्कृति, रितिरिवाज परम्परालाई नपच्ने खालमा प्रदर्शन गर्ने यस्ता विकृतिले गर्दा नेपाल समाजको मस्तिष्क समेत बिगारेको पाइन्छ । अझ अहिले मोबाइल त एक दुई वर्षका बालबालिकाले त टिकटक हेर्ने, पढ्न बढी मोबाइल मात्रै हेर्ने, सकारात्मक होइन नकारात्मक तिर यो सूचना प्रविधि बढी काम गरेकोले आज समाज धेरै किसिमका विकृतिहरु मौलाएर घर घरमा तनाव, परिवार परिवारमा शंका उपशंका, श्रीमान् श्रीमतिको झगडा आदि विकृति मौलाएकोले यसलाई सहि प्रयोग गर्नु पर्नेमा विकृति मात्रै मौलाएकोले राज्यले यस्ता केही नकारात्मक प्रकृतिकका साइडहरु बन्द गर्नु पर्दछ ।

यसर्थ, हाम्रो देश नेपालमा अहिले घरघरमा अनलाइन छ । पचासौं हजार अनलाइन छन् । सूचनाको पुराना प्रविधि तथा साधनहरु हराएका छन् । जनतामा यूट्युब र अनलाइनले गर्दा संचारमाध्यमको विश्वासमा शंका उत्पन्न भएको छ । भए नभएका विषयवस्तुलाई समेत भाइरलका लागि समेत यूट्युब फेसबुक र टिकटकले गर्दा आम संचारमा नकारात्मक असर परेको छ । यसलाई संचार माध्यमले ध्यानदिनु पर्दछ । राज्यले पनि समाजमा असर पर्ने खालका विकृति, विसंगति ल्याउने खालमा संचारमाध्यम (सामाजिक संजाल)लाई बन्देज गर्नु पर्दछ । सूचनाको विकासले गर्दा संसार एकघर जस्तै भए पनि सकारात्मक सूचना प्रविधिको विकास गरी सहज र सजिलो भए पनि, विकृति र छाडा खालका नेट, अनलाइन, फेसबुक, युटुबलाई कन्ट्रोल गर्न उपयुक्त हुन्छ । सकारात्मक सोचमा सामाजिक संजाल प्रयोग गरी छाडापन र अश्लील सामाजिक संजाल बन्द गर्नु राज्यको दायित्व हो ।

यसर्थ, वैज्ञानिक खालमा ज्ञानगुण दिने, शिक्षा प्रदान गर्ने, नयाँ-नयाँ आविष्कारको प्रचार प्रसार गर्ने, समाजमा भएको विकृति, विसंगति, अनियमितता, भ्रष्टाचार जस्ता विषयवस्तुलाई इन्टरनेट होस् या सामाजिक संजाल होस् यस्ता विषयवस्तुलाई प्रचार गर्नु पर्दछ । बालहिंसा, महिलाप्रति हुने अनेक किसिमका घटनाहरुलाई अगाडि ल्याउनुपर्छ । सकारात्मक सोचको विकासमा सूचना प्रविधि ठूलो महत्व छ । तर, भाइरल र पैसा आउछ भनी नराम्रा खालका छाडापन, अश्लील छायाँकनलाई बन्द गर्नु पदर्छ ।

# युक्रेनका दुई शहरमा रुसद्वारा अस्थायी युद्धविराम

## युद्धविराम लागू नगरेको युक्रेनको आरोप

**काठमाडौं/एजेन्सी-** युक्रेनका दुई शहरमा रुसले शनिबार अस्थायी युद्ध विरामको घोषणा गरेको छ। रुसको रक्षा मन्त्रालयले मारीओपोल र भोल्नोभाखा शहरमा अस्थायी युद्ध विराम घोषणा गरिएको जनाएको हो । ती शहरमा रहेकालाई शहर छोडेर जाने मौका दिनका लागि अस्थायी युद्ध विराम गरिएको मन्त्रालयद्वारा जारी वक्तव्यमा लेखिएको छ ।

रक्षा मन्त्रालयले युद्ध विराम घोषणा गरेसँगै रुसी सेनाले ती शहरमा सबै कारबाही रोकेको अधिकारीहरूले जनाएका छन्। युक्रेनलाई आफ्नो नियन्त्रणमा लिनका लागि आक्रमण गरिरहेको रुसले धेरै मानवीय क्षति हुन नदिनका लागि यस्तो रणनीति लिएको देखिएको छ ।





'मार्च ५ तारिखको बिहान १० बजेदेखि युद्ध विराम लागु हुने छ, ती शहरमा रहेकाहरूलाई शहर छोड्न अनुरोध गर्दछौं, मानवीय क्षति कम होस भन्ने उद्देश्यले अस्थायी युद्ध विराम गरिएको हो,' मन्त्रालयद्वारा जारी वक्तव्यमा लेखिएको छ ।

रुसी सेनाले गत फेब्रअरी २४ देखि युक्रेनमा कारबाही शुरु गरेको हो । अहिलेसम्म ठूलो जनधनको क्षति भइसकेको छ भने विश्वभरबाट रुसको आलोचना भएको छ । मारीओपोल शहरका मेयर भादिम बोयचेन्कोले रुसी सेनाद्वारा शहर नै बन्धक बनाइएकाले मानवीय सहायताको आवश्यकता रहेको भन्दै अपिल गरेपछि रुसले अस्थायी युद्ध विराम घोषणा गरेको हो । तर यता सर्वसाधारणलाई मारीओपोलबाट बाहिर लैजाने काम स्थगित गरिएको युक्रेनका स्थानीय अधिकारीले जनाएका छन् । रुसी पक्षले अस्थायी युद्धविरामलाई लागू नगरेको भन्दै सो कार्य स्थगित गरिएको युक्रेनी अधिकारीको भनाइ छ। उनीहरूले नागरिकहरू फरकफरक ठाउँमा गएर आश्रय लिनुपर्ने भन्दै छिट्टै थप जानकारी दिइने समेत जनाएका छन् ।

उक्त शहरका उपप्रमुखले मारीओपोलमा अझै बमबारी भइरहेको र निकाशमार्ग सकिने स्थानमा लडाइँ भइरहेको बताएका छन् । त्यसअघि उक्त शहरका एक बासिन्दाले आफूले प्रत्येक तीनदेखि पाँच मिनेटमा एउटा बम पड्िकएको आवाज सुनेको बताएका थिए ।

## रुसमा फेसबुक, ट्विटर प्रतिबन्ध



**काठमाडौं/एजेन्सी-** रूसी मिडिया नियामकले फेसबुकले रूसी मिडिया र सूचना स्रोतहरू विरुद्ध भेदभाव गरेको भन्दै यसको प्रयोगमा रोक लगाएको घोषणा गरेको छ । मिडिया रिपोर्टहरूले बीबीसी र ड्यूचे वेले, ट्विटर, र एप्पल र गुगलका एप स्टोरहरूको रूसी वेबसाइटहरू सबै ब्लक गरिएको बताए । मार्च २०२२ मा, रुसी भाषामा फेसबुक नेटवर्क (मेटा प्लेटफर्म, इंकको स्वामित्वमा रहेको) मा पहुँच रोक्ने निर्णय गरिएको हो ।

'हामीले हाम्रा सेवाहरू पुनर्स्थापना गर्न सक्दो प्रयत्न जारी राख्नेछौं ताकि तिनीहरू सुरक्षित रूपमा आफूलाई अभिव्यक्त गर्न र कार्यको लागि संगठित गर्न मानिसहरूका लागि उपलब्ध होऊन्,' क्लेगले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

यस हप्ताको शुरुमा, मेटाले राटी र स्पुतनिकजस्ता रूसी मिडिया आउटलेटहरूमा पहुँच प्रतिबन्धित गरेको थियो । फेसबुकको सुरक्षा नीति प्रमुखले कम्पनीले युक्रेनको अवस्थालाई नजिकबाट नियालिरहेको र आफ्नो प्लेटफर्ममा मानिसहरूको सुरक्षाका लागि चालेका कदमहरू साझा गरिरहने बताएको थियो ।

सोमबार, ट्विटरले भन्यो कि यसले रूसी राज्य-सम्बन्धित समाचार स्रोतहरूमा लिङ्क गर्ने ट्वीटहरूको पहुँचलाई व्यवस्थित र सीमित गर्नेछ।यसले युक्रेन र रुसमा विज्ञापनहरू गम्भीर सार्वजनिक सुरक्षा जानकारी उच्च छ भन्ने सुनिश्चित गर्न अस्थायी रूपमा निलम्बन गरिरहेको छ। यस हप्ताको शुरुमा, अमेरिकाले मस्कोलाई मिडिया स्वतन्त्रता र सत्यमा पूर्ण आक्रमण बढाएको आरोप लगाएको थियो ।


## Invitation for Bids

### Kanakasundari Rural Municipality

Birat, Jumla

### Invitation for Bids for the CONSTRUCTION OF MALIKABOTA RCC ROAD

**Contract Identification No: KSRM/NCB/ROAD/03/078/79**

**Date of publication: 06 March 2022**

1. The **Kanakasundari Rural Municipality, Birat, Jumla** invites electronic bids from Nepalese eligible bidders for the construction of **"CONSTRUCTION OF MALIKABOTA RCC ROAD"** under National Competitive Bidding procedures. The estimated amount (With VAT) for the works is **Rs 12531238.38**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kanakasundari Rural Municipality,Birat jumla or may visit PPMO website www.bolpatra.gov.np/egp
3. A complete set of Bidding Documents may be purchased by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document 3000 (three thousand) in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank: Kumari Bank Ltd., Gothijiula, Jumla

   Name of Office: Kanakasundari Rural Municipality, Jumla

   Office Code no. : 801066202

   Office Revenue Account no.: 0870035749600007
4. Pre-bid meeting shall be held at Kanakasundari rural municipality, Birat, jumla 20 March 2022 at 14:00 pm
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before 5 April 2022 at 12:00 o'clock Bids received after this deadline will be rejected.


   The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 5 April 2022 at 14:00 o'clock at the office of Kanakasundari Rural municipality,Birat,Jumla. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Rs 350000 which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to Contract award, without thereby incurring

| S. N | Description of Works | Contract Identification Number | Bid Document Fee | Bid Security |
|---|---|---|---|---|
| 1 | Construction of Malikabota RCC RCC Road | KSRM/NCB/ROAD/ 03/078/79 | 3000.00 | 350000.00 |



## HOSPITALITY & HOTEL MANAGEMENT COURSES

Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL

VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.

www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com

Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130



## बहराइनमा रोजगारको अवसर | कम्पनी : ALABRAAJ RESTAURANT शहर: MANAMA

पूर्व स्वीकृत मितिः २०७८/१०/२८ चलानी नं.: ६०१७५४२४ L.T. No.: 257751

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ४८,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cleaner | 10 | 0 | | 100 | ३२,२४३ | | | | | | | |
| 3. | Kitchen Worker | 5 | 0 | | 120 | ३८,६९२ | | | | | | | |
| 4. | Waiter | 10 | 10 | | 120 | ३८,६९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २९ गते (13 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

### Easy Overseas Pvt. Ltd.

श्रम इजाजत नं. १२६१/०७४/०७५

Basundhara-3, Kathmandu, Tel.: 01-4016539, Mob.: 9813426855 9849991143, Web.: easyoverseasnp.com



## JORDAN मा रोजगार | १. कम्पनी: HY APPAREL शहर: Jordan

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३७८ LT. No.: 259079

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sewing Operator | 50 | 50 | स. काममा दक्ष | 220 | ३७,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: Aseel Universal Garments Manufacturing co शहर: Jordan

पूर्व स्वीकृत मितिः २०७८/११/२० चलानी नं.: ६०१७५३७७ LT. No.: 259078

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sewing Operator | 20 | 80 | स. काममा दक्ष | 220 | ३७,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

नोट : भाषा तथा घरायसी काम सम्बन्धी १ (एक) महिने तालिम अनिबार्य लिनु पर्ने । खाना, बस्न सहित तालिम निःशुल्क हुने र शुन्य लागत (Zero cost) मा जान पाईने ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २९ गते (13 March 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

### माउण्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि.

श्रम इजाजत नं. ९९४/०६८/०६९

टोखा-७, बसुन्धारा, काठमाडौं, नेपाल, फोन: ०१-४९८७४९४, ०१-४९८३९८३

मो: ९८४११३५५३५, ९८५१२१११८८



## UAE मा रोजगारको अवसर | १. कम्पनी: METRO TAXI LLC शहर: Dubai

पूर्व स्वीकृत मितिः २०७८/१०/१७ चलानी नं.: ६०१७३७६३ LT. No.: 257105 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Driver ( Taxi Driver) | 50 | 0 | स. काममा दक्ष | 1600 | ५२,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: FEDERAL SECURITY SERVICES LLC शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०७/१७ चलानी नं.: ६०१६६८४३ LT. No.: 249767 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 20 | स. काममा दक्ष | 1600 | ५२,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: C T T TECHNICAL AND CLEANING SERVICES L.L.C. शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०९/०५ चलानी नं.: ६०१७०८८१ LT. No.: 254188 पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 25 | स. काममा दक्ष | 800 | २६,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २८ गते (12 March 2022) मा होटल खुकुरी, इटहरी, सुनसरीमा फागुन २९ गते (13 March 2022) मा जनप्रिय थकाली भान्साघर पोखरा, कास्कीमा फागुन ३0 गते (14 March 2022) मा मेनपावर कार्यालय, काठमाडौंमा चैत १ गते (15 March 2022) मा सिपि होटल विर्तामोड, झापामा फागुन २९ गते (13 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RAJ GROUP

License No.:1245/074/075

### Raj Group Of Company Pvt. Ltd.

Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660

Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com

Contact No: 9801023812 (Itahari) 9801081775 (Birtamod) 9802855076 (Pokhara)



## UAE मा रोजगार | कम्पनी: SPARK SECURITY SERVICES SOLE PROPRIETORSHIP LLC शहर: UAE

पूर्व स्वीकृत मितिः २०७८/०६/०७ चलानी नं.: ६०१६३६१२ L.T. No.: 246415 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (ASSD) | 50 | 13 | सम्बन्धित काममा दक्ष | 2000 | ६५,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard - SIRA | 50 | 19 | | 1200 | ३९,५८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज फागुन २९ गते (13 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

### सन लाईट ह्युमन रिसोर्स प्रा. लि.

Lic No. 689/063/064

सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं,

फोन: ४३८४८३२, ४३८४८३३, फ्याक्स : ४३८४१८९,

मो.: ९८१०३६८५८५, ९८४१४२२१८८, ९८०३५९१९५७, ९८६९२४४०००, ९८१८८५६६५५

# बक्स अफिस समाचार

## 'सस्तो लोकप्रियताले विकृति निम्ताउँछ'



लिम्बु समुदायको आफ्नै मौलिक कला संस्कृति, परम्परा, रितिथिति अनुसारको थोरै भएपनि चलचित्र निर्माण हुँदै आएको छ । आफ्नै समुदायभित्र प्रदर्शन हुने यस्ता चलचित्रले पनि युवा पुस्तालाई आफ्नो समुदायको रहनसहन र कला संस्कृतिको बारेमा बुझ्न ठुलो सहयोग पुग्ने बताउँछिन अभिनेत्री एवं गायिका लक्ष्मी योङहाङ लिम्बु । कला क्षेत्रमा निरन्तर लागिरहने सोच बनाएकी लक्ष्मीले भाषिक चलचित्र, म्युजिक भिडियो लगायत सर्ट फिल्महरूमा अभिनय गर्दै आइरहेकी छन् । लक्ष्मीको लिम्बु भाषाको चलचित्र के.साङ्ला, पक्ताङलुङ माङ लगायतमा अभिनय कला देख्न सकिन्छ । उनको कामको प्रशंसा गर्दै विभिन्न संघ, संस्थाले सम्मान र पुरस्कृत समेत गरेको छ । हालै राजधानीमा सम्पन्न लिम्बु भाषा, संस्कृतिमा बनेका फिल्म, म्युजिक भिडियो र पालामको संयुक्त अवार्ड 'एफएलएफ अवार्ड २०७८' मा लिम्बु पालाम विधातर्फ लक्ष्मी सम्मानित भएकी छन् । उनले 'मुकुम्लुङ यो यो' पालामबाट अवार्ड पाएकी हुन् । 'मुकुमलुङ माङ' कभर सङको भिडियो पनि सार्वजनिक हुने क्रममा रहेको छ जसमा लक्ष्मीको अभिनय रहेको छ । लिम्बु जागरण गीत 'तरेमे चासोक तङ्नाम ओ चुमिरो' बोलको गीत लिम्बु समुदायमा निकै लोकप्रिय बनेको थियो । जसमा लक्ष्मीलाई निर्मल सुब्बाले स्वरमा साथ दिएका छन् । दर्जन म्युजिक भिडियामा मोडलिङ गरिसकेकी नायिका लक्ष्मी छोटै समयमा आफुलाई कला क्षेत्रमा स्थापित गराउँन सफल मध्येमा पर्दछिन् । प्रतिस्पर्धाको जमना छ रंगिन दुनियाँमा, हलका ग्ल्यामर्स हुनै पर्ने विचार बोकेकी लक्ष्मी पछिल्लो समय चलचित्र र म्युजिक भिडियोमा ब्यस्त रहँदै आएकी छिन् । उनै अभिनेत्री **लक्ष्मी योङहाङ लिम्बुले मध्यान्ह दैनिक**को लागि **सानु श्रेष्ठ**सँग गरेको कुराकानीको सम्पादित अंश

### लक्ष्मी योङहाङ लिम्बु, अभिनेत्री

**पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ ?**

आज भोलि नाटकको तयारीमा छु । लकडाउनका कारण हात परेका केही म्युजिक भिडियो र चलचित्रको काम रोकियो थियो, अब भने वातावरण सहज हुँदै आइरहेकोले विविध कारणले रोकिन गएको कामहरु विस्तारै अगाडि बढाउने जमर्को गर्दैछु ।

**भाषिक फिल्मको नायिका हुनुहुन्छ, मुलधारको फिल्म नपाएर नखेल्नु भएको हो ?**

हजुर हो । मुलधारको फिल्म नपाएको भन्दा पनि भाषिक फिल्म र म्युजिक भिडियोहरुमा नै अलि व्यस्त छु ।

**तपाईं मोडल कि नायिका कसरी चिनाउनु हुन्छ ?**

म मोडेल अर्थात नायिका भन्दा पनि चरित्र अभिनेत्री भन्न रुचाउने गर्छु । गायिका त शौख पूरा गर्नमात्र हो ।

**यो क्षेत्रमा काम शुरु गर्नु भएको कति भयो ?**

लगभग एक दशक हुन लाग्यो ।

**अहिलेसम्ममा कति फिल्म, भिडियो गर्नुभयो ?**

दर्जन भन्दा बढी म्युजिक भिडियो, लिम्बु भाषाको चलचित्र 'के.साङला' र 'घरजम' साथै धेरै नाटकहरु गरी सकेकी छु ।

**तपाईंले गीत पनि गाउनु भएको छ होइन ?**

हजुर, भाषिक गीत तेरेबे चासोक तङ्ना, मेम्बे आतानु लुङ्मा पहिम आदेबे होउ, सानै छदा जस्ता गीतहरु गाइसकेकी छु ।

**अहिलेसम्म भिडियोमा को–को पुरुष मोडलसाग स्क्रिन सेयर गर्नुभएको छ ?**

धेरैसँग स्क्रिन सेयर गरिसकेकी छु । प्राय: भाषिक कलाकार सबैसँग काम गरिसकेको छु भने बुद्धी तामाङ 'हैट' दाइसँग समेत सेयर गरेकी छु ।

**अभिनयमा भविष्य देख्नुहुन्छ ?**

अभिनयमा भविष्य छ तर मेहेनत र लगनशील हुनु जरुरी छ ।

**फिल्ममा प्रस्ताव आयो भने गर्नुहुन्छ ?**

गर्छु । यदि मलाई सुहाउँदो चरित्रमा बनेको स्कृप्ट छ भने अवश्य गर्ने छु ।

**आफूले रोजेको क्षेत्रबाट खुसी हुनुहुन्छ ?**

हजुर, म खुसी छु र सन्तुष्ट पनि किन कि यहींबाट आज मलाई लक्ष्मी योङहाङ भनेर सबैले चिन्नु भएको छ र जीवनयापन चलिरहेको छ ।

**आफ्नो समुदायको मौलिक कला, संस्कृति संरक्षणका लागि के गर्न चाहनु हुन्छ र गरिरहनु भएको छ ?**

म एउटा कलाकार भएको नाताले कलाको माध्यमबाट सकेको योगदान दिने कोसिस गरिरहेकी छु । साथै याक्थुङहाक्पारे पालाम सयङ संस्थाको म सचिव पनि छु, यो संस्थाबाट पनि विभिन्न प्रकारका कार्यक्रम जस्तै वेस्मा लाम्योक १ र २ सकेको छ अब ३ आउन लागेको छ यस्तै विविध कार्यक्रम आयोजना गरि संस्कृति बचाउने कोसिस गरिरहेका पनि छौं ।

**कला क्षेत्रमा विकृति बढ्यो भन्छन् तपाईंलाई के लाग्छ ?**

हजुर, कला लाइनमा विकृति बढ्नु नै सस्तो लोकप्रियताको कारणले गर्दा हो । साथै कलालाई सम्मान गर्न नसक्नु र टिआरपीको कारणले गर्दा पनि विकृति बढेको हो जस्तो लाग्छ ।

**सुन्दर हुनुहुन्छ प्रेम प्रस्ताव कत्तिको आउाछ ?**

यो रुप र उमेरलाई ख्याल गर्ने हो भने प्रेम प्रस्ताव आउँदैन भन्दा पत्याउनु हुन्न होला । अलि अलि आउँछ ।

**अन्त्यमा समग्र कला क्षेत्रको उत्थानको लागि के गर्नुपर्ला ?**

समग्रमा भन्नु पर्दा कला क्षेत्रलाई उत्थान गर्न ध्यान दिनुपर्ने कुरा सरकारी तवरले कलाले पनि ठाउँ पाउनु पर्‍यो, कलालाई सम्मान गर्न सक्नु पर्‍यो र कलाकारले पनि बुझ्नु जरुरी छ कला एउटा मनोरञ्जनमात्र होइन जिविकोपर्जन गर्ने एउटा महत्वपूर्ण क्षेत्र सम्झेर काम गरियो भने पक्कै पनि कला क्षेत्र पनि अलि माथि उठ्ने थियो कि ।

## रविन तामाङको आवाजमा 'चिसो एष्ट्रे'को शीर्ष गीत



**काठमाडौं/मस–** वजनदार आवाजका धनी रविङ तामाङको बोल्नै शैली बिल्कुलै फरक छ । उनको आवाज जस्तै फरक हुने गर्छन् उनले गाएका गीत । फिल्मको अभिनयमा जम्नुअघि थुप्रै रक गीत गाएका तामाङ आजभोलि संगीतभन्दा ज्यादा अभिनयमा नै सक्रिय छन् ।

केही समय पहिले उनले अमेजन प्राइममा प्रसारण भएको हिन्दी सिरिज 'दि लास्ट आवर'मा मुख्य भिलेनको भूमिका निर्वाह गरेका थिए जसको भारतमा निकै चर्चा भएको थियो । नेपालमा भने रविन तामाङ लामो समयपछि पर्दामा देखिँदैछन् 'चिसो एष्ट्रे'मार्फत् । तर यो फिल्ममा तामाङले अभिनय मात्र होइन गीत पनि गाएका छन् ।

उनकै शब्द तथा संगीत रहेको फिल्मको शीर्ष गीत शुक्रबार नेपाल फिल्म क्याम्पसका विद्यार्थीबीच सार्वजनिक गरिएको थियो । अंग्रेजीमा गाइएको 'चिसो एष्ट्रे' बोलको गीतले युवाहरुको जीवन शैलीलाई अभिव्यक्त गरेको छ ।

गीत सार्वजनिक कार्यक्रममा उपस्थित तामाङले फिल्मले देखाउन खोजेको कुरालाई गीतले सार संक्षेपमा व्यक्त गर्ने प्रयास गरेको बताए । 'दिनेशले बनाएको फिल्मलाई मैले गीतमा समअप गरेको हो । धेरैपछि आफ्नो गीत सार्वजनिक हुँदा एक्साइटेड फिल गरिरहेको छु' उनले भने ।

फिल्मको टिम र फिल्म कलेजका विद्यार्थीबीच अन्तर्क्रिया पनि भएको थियो । विद्यार्थी माझ अन्तर्क्रिया गर्दै टिमले आफूहरुले सहरसँग लय मिलाउन नसक्ने युवाको कथालाई पर्दामा उतार्ने जमर्को गरेको बताएका थिए । फिल्म होलीको भोलिपल्ट अर्थात चैत ४ मा रिलिज हुँदैछ ।



### हुम्ला कर्णाली –१ जलबिद्युत आयोजना (२३५.०० मे. वा.) को वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः– २०७८/११/२२**

कर्णाली प्रदेशको हुम्ला जिल्ला सार्केगाढ़ गाउँपालिकामा प्रस्तावक सिचुवान वाङ्गपीङ्ग इनर्जी साइन्स एण्ड टेक्नोलोजी कम्पनी लिमिटेड (Sichuan Wangping Energy Science & Technology Co. Ltd) द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **सिचुवान वाङ्गपीङ्ग इनर्जी साइन्स एण्ड टेक्नोलोजी कम्पनी लिमिटेड (Sichuan Wangping Energy Science & Technology Co. Ltd)**, सामाखुसी, काठमाडौं नेपाल |
